# दुहुँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हिकिला, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. - २०८२।०८३

## सेवा करारमा लिने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति: २०८२।११।२९)*

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (लक) अन्तर्गत स्थानीय सरकार/उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन, जीविकोपार्जन, सरसफाइ तथा स्वच्छता, खानेपानी, सिचाइ र सामाजिक परिचालन सम्बन्धी कार्यमा सहजीकरण गर्न दुहुँ गाउँपालिका परियोजना कार्यान्वयन एकाई अन्तर्गतका निम्न पूर्णकालीन तथा अल्पकालीन पदहरूका लागि तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीत पूर्वक दरखास्त फारम पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।
दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरूः

- संक्षिप्त रूपमा तयार गरिएको वैयक्तिक विवरण (आवेदकको हस्ताक्षर सहित)
- नागरिकता प्रमाणपत्र, शैक्षिक प्रमाणपत्रहरू, तालिम प्रमाणपत्रहरू तथा कार्यअनुभव प्रमाणपत्रहरूको प्रतिलिपि, अपाङ्गता भएमा परिचयपत्रको प्रतिलिपि

**तपसिलः**

**क) आवश्यक पदहरू र न्यूनतम योग्यता:**

| बि.नं. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| ०४-०८२/८३ | जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत | अधिकृत छैठौं तह / १ जना | गाउँकार्यपालिका को कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरि खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त। |
| ०५-०८२/८३ | सब-ईन्जिनियर | सहायक पाँचौ तह / १ जना | गाउँकार्यपालिका को कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता डिप्लोमा उतीर्ण गरि खानेपानी सरसफाइ स्वच्छता, सिचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथाजीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त। |
| ०६-०८२/८३ | जलस्रोत प्राविधिक | सहायक चौथो तह / ३ जना | वडा कार्यालय वा योजना क्षेत्र | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. वा मान्यताप्राप्त संस्था/परियोजनाबाट कम्तीमा ३० दिने खापासटेतालिम प्राप्त।खानेपानी सरसफाइ स्वच्छता, सिचाइ, बहुउपयोगी योजना, कृषि, बायोइन्जिनियरिङ्गवा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा दुई वर्षको अनुभव। |

प्रमुख प्रशासकीय अधिकृत

दुहुँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हिकिला, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. - २०८२।०८३

**ख) अन्य विवरण:**

- यो सूचना पहिलो पटक प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र आवेदन दुहुँ गाउँपालिकाकार्यालय, हिकिला दार्चुलामा कार्यालय समयभित्र बुझाउनुपर्नेछ। दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमात्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा शैक्षिक संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैनन्।
- कर्मचारीहरू परियोजना कार्य अवधीको एक वर्षे कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादन मुल्यांकनको आधारमा नवीकरण हुनेगरी) नियुक्त गरिनेछन्।
- स्थानीय व्यक्तिहरू लगायत महिला, दलित तथा पछाडी परेका जातीय समुदायका आवेदकहरूलाई प्राथमिकता दिइनेछ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई गाउँपालिका कार्यालयले कुनै कारण खुलाई वा नखुलाई पूर्णरूपमा वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्न सक्नेछ।
- लिखित परीक्षा तथा अन्तर्वार्ता दुवै सञ्चालन गरिनेछ। छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लिखित परीक्षाको तालिका गाउँपालिकाको सूचना पाटीमा प्रकाशित गरिनेछ।
- बिज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR)र वैयक्तिक विवरण (CV)ढाँचा हेर्न गाउँपालिकाको वेभ साइटwww.duhunmun.gov.npमा प्राप्त गर्न सकिनेछ। तोकिएको ढाँचाबाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV)स्वीकार गरिने छैन।
- दरखास्त दस्तुरः अधिकृत स्तरका लागि रू १,५०० (अक्षरुपी पन्ध्र सय मात्र), सहायक पाँचौ तहको लागि रू १,२०० (अक्षरुपी बाह सय मात्र), सहायक चौथोका लागि रू १,००० (अक्षरुपी एक हजार मात्र)। दरखास्त दस्तुर दुहुँ गाउँपालिकाको आन्तरिक राजश्व खाताGA1.1 DUHUN GAUPALIKA AANTARIK RAJASHOW KHATAखाता नं. 07801400250047 मा बैंक दाखिला गरि सो को सक्कल भौचर आवेदनका साथ अनिवार्य पेश गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत